# Stepping Stones

ATTENDANCE & TRUANCY
Home & Family · Medical Care · School

PEAL CENTER
प्यारेन्ट एजुकेशन एण्ड एड्भोकेसी लिडरशिप सेन्टर
शिक्षा तथा स्वास्थ्य सेवामा समावेशीकरण तथा पहुँचलाई प्रवर्द्धन गर्दै | PA भरिमा परिवार तथा युवा वयस्कहरूलाई सशक्त पार्दै

## ट्रुएन्सी र दीर्घकालीन स्वास्थ्य समस्याहरू भएका विद्यार्थीहरू


दीर्घकालीन स्वास्थ्य समस्याहरू भएका विद्यार्थीहरू आफ्नो स्वास्थ्य, शल्यक्रियाहरू, अपोइन्टमेन्टहरू इत्यादिको कारणले गर्दा प्राय: अत्यधिक अनुपस्थित हुने गर्छन् ।

स्वीकार्य चिकित्सकीय कारणसहितका अनुपस्थितिहरूका लागि कुनै सीमा नभएतापनि **स्वीकार्य कारण बिनाको अनुपस्थितिहरूमा** सीमा लगाइएको छ ।

पेन्सलभेनियाको ट्रुएन्सी कानुनले **ट्रुएन्सी**लाई स्वीकार्य कारणबिना **तीनपटक** अनुपस्थित हुनु र **हेबिचुअल ट्रुएन्सी**लाई स्वीकार्य कारणबिना **छपटक** अनुपस्थित हुनुको रूपमा परिभाषित गरेको छ ।

## ट्रुएन्सी: आफ्ना अधिकारहरूलाई बुझ्ने

दीर्घकालीन स्वास्थ्य समस्याहरू भएका परिवारहरू स्कुल डिस्ट्रिक्टको हाजिरी नीतिहरूसँग परिचित हुन जरुरी हुन्छ । डिस्ट्रिक्टहरूले सामान्यतया अनुपस्थितिको निश्चित सङ्ख्यापछि अनुपस्थित हुन अनुमति दिनका लागि चिकित्सकीय कारण आवश्यक गराउँछन् । यदि परिवारले अनुपस्थितिको निश्चित सङ्ख्यापछि अनुपस्थितिका लागि स्वीकार्य चिकित्सकीय कारण उपलब्ध नगराएमा त्यो परिणामस्वरूप "स्वीकार्य कारण बिनाको" अनुपस्थिति हुन जान्छ ।



स्वीकार्य कारण सहितको अनुपस्थितिका लिखित निवेदनहरू कहिलेकाहीं हराउँछन् वा स्कुलले तिनीहरूलाई प्राप्त गरेको हुँदैन । परिवारहरूका लागि सुझाव गरिएका कदमहरू:

- **आफ्नो बच्चाको अनुपस्थितिहरू रेकर्ड गर्नका लागि प्रणाली खोज्नुहोस्**
- **स्वीकार्य कारण सहितको अनुपस्थितिका सबै निवेदनहरूको प्रतिलिपि राख्नुहोस्**
- **आफ्नो बच्चालाई उनले स्वीकार्य कारण सहितको अनुपस्थितिको निवेदन बुझाए कि बुझाएनन् भनेर सोध्नुहोस्**

यदि तपाईंले ट्रुएन्सीसम्बन्धी पत्र प्राप्त गर्नुभयो भने सो वर्षका लागि विद्यार्थीको हाजिरी रेकर्डको प्रतिलिपि माग्नुहोस् र त्यसलाई आफ्ना रेकर्डहरूसँग दाँज्नुहोस् । स्वीकार्य कारण सहितको अनुपस्थितिका निवेदनहरू बुझाउने समयसीमाका बारेमा डिस्ट्रिक्टका नीतिहरू भएतापनि यदि त्यस्तो निवेदन छुटेको छ भने त्यसलाई पठाउनुहोस् र त्यसलाई स्वीकार गरिदिन अनुरोध गर्नुहोस् ।

**स्कुलहरूद्वारा चालिने अनुपयुक्त वा कठोर ट्रुएन्सी प्रतिकार्यहरू रोक्नका** लागि 2017-2018 शैक्षिक वर्षको सुरुमा PA Act 138 लागू गरिएको थियो । यस कानुनलाई स्कुलको हाजिरीलाई सुधार गर्न र "**जतिसक्दो चाँडो** हाजिरीसम्बन्धी समस्याहरूलाई निरन्तर रूपमा पहिचान गरेर सम्बोधन गर्नका लागि" ट्रुएन्सीलाई कम गर्न र निम्न कार्यहरूका लागि प्रमाणमा आधारित अभ्यासहरू प्रयोग गर्न पारित गरिएको थियो:

- ☑ ट्रुएन्सीको अन्तर्निहित मामिलाहरूलाई सम्बोधन गरेर सम्भव हुँदासम्म परिवारको एकतालाई बनाइराख्न ।
- ☑ बच्चाहरूलाई फोस्टर स्याहारमा राख्ने, आवास गुमाउने र अखण्ड पारिवारिक एकाइमा बाधा पुऱ्याउने अन्य अनपेक्षित परिणामहरूबाट बच्न ।
- ☑ ट्रुएन्सीसम्बन्धी कसुरहरूका लागि अभिभावक वा संरक्षक पक्राउ पर्ने समयावधिलाई हटाउन वा कम गर्न । अभिभावक/संरक्षकलाई पक्राउ गर्ने कुरा अन्तिम उपायको रूपमा मात्र प्रयोग गरिनुपर्छ ।

## विद्यार्थी हाजिरी सुधार कन्फरेन्स (SAIC)

ट्रुएन्सीसम्बन्धी मामिलाहरूका लागि परिवारलाई मजिस्ट्रेटसमक्ष पठाउनुभन्दा पहिले स्कुलले विद्यार्थी अनुपस्थित रहनुका कारणहरू छलफल गर्न हाजिरीलाई सुधार गर्नका लागि लिखित योजना तयार गर्न विद्यार्थी हाजिरी सुधार कन्फरेन्स (SAIC) आयोजना गर्न आवश्यक हुन्छ। योजनामा विद्यार्थी र/वा परिवारहरूलाई थप सेवाहरूसँग जोड्ने बारेको व्यवस्था राखिएको हुन सक्छ। विद्याथीको 504 योजना वा IEP हुँदा SAIC ले अनुपस्थितिहरू विद्यार्थीको स्वास्थ्य/अवस्थासँग सम्बन्धित छन् कि भन्ने बारेमा विचार पुर्‍याउनुपर्छ। स्कुलहरूले अभिभावकीय नाता भएको व्यक्तिलाई SAIC मा उपस्थित गराउनका लागि हरसम्भव प्रयास गर्नुपर्छ र आवश्यक परेमा अभिभावकको समयतालिका अनुसार बैठकको समय पुन: मिलाउने व्यवस्थासमेत गर्नुपर्छ। **आफ्नो बच्चाका लागि SAIC मा उपस्थित हुन र तयार गरिएको योजनाको लिखित प्रति प्राप्त गर्न महत्त्वपूर्ण हुन्छ।**

**कन्फरेन्समा निम्न सबै व्यक्तिहरूलाई अनिवार्य आमन्त्रित गरिनुपर्छ:**

1. बच्चा
2. बच्चासँग अभिभावकीय नाता भएको व्यक्ति
3. स्रोतसाधन हुन सक्ने भनेर अभिभावकीय नाता भएको व्यक्तिले पहिचान गराएका अन्य व्यक्तिहरू
4. स्कुलका उपयुक्त कर्मचारीहरू
5. सिफारिस गरिएका सेवा प्रदायकहरू

अपाङ्गताको कारण हाजिरीमा असर पर्ने विद्यार्थीका लागि **वैकल्पिक हाजिरी योजना**लाई IEP वा 504 योजनामा निम्नका लागि लिखित स्वरूपमा राख्न सकिन्छ:

→ अभिभावकलाई अनुपस्थितिका लागि चिकित्सकीय कारण सहितको निवेदनको सट्टा स्वीकार्य कारण सहितको अनुपस्थितिको सामान्य निवेदन लेख्न अनुमति दिन
→ कक्षा तथा/वा स्कुलमा ढिला आउका लागि अनुमति प्राप्त गर्न र/वा
→ अनुशासनात्मक र ट्रुएन्सीसम्बन्धी परिणामहरूबाट बच्न।

योजना लागू गरिएपछि विद्यार्थीलाई वैकल्पिक हाजिरी योजना आवश्यक परिरहेको छ भनेर विद्यार्थीको अवस्था प्रमाणित गर्नका लागि समय-समयमा चिकित्सकीय कागजपत्रहरू आवश्यक पर्न सक्छ।



याद राख्नुहोस को तपाईंको बच्चा स्कुलबाट अनुपस्थित रहँदा उनले महत्त्वपूर्ण शिक्षणलाई छुटाइरहेका हुन्छन्। बिमारीको कारण बच्चा अनुपस्थित हुँदा उनी अध्ययनमा अरूहरूभन्दा पछाडि पर्न सक्छेछन् र यसले तनाव गराउन सक्छ। तपाईंको बच्चाको स्वास्थ्य परिस्थितिहरूका आधारमा अपेक्षाहरूलाई समायोजन गरेर, थप समय उपलब्ध गराएर र/वा स्कुलका कार्यलाई आवश्यक पर्ने जतिमा घटाएर उचित सन्तुलन कायम राख्नका लागि शिक्षकसँग मिलेर काम गर्नुहोस्।

सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको डिस्ट्रिक्टसँग सञ्चार गर्न जारी राख्नुहोस् र समस्याहरूलाई सम्बोधन गर्नुहोस् ताकि तपाईंको बच्चा जतिसक्दो धेरै उपस्थित हुन सकून्।

### स्रोतसाधनहरू

आधारभूत शिक्षा परिपत्र (BEC) - **स्कुलमा अनिवार्य हाजिरी, गैरकानुनी अनुपस्थितिहरू र स्कुल हाजिरी सुधार कन्फरेन्सहरू:**
https://bit.ly/2BTIDxA

एजुकेशन ल सेन्टर जानकारीपत्र - **पेन्सलभेनियामा ट्रुएन्सी र स्कुल हाजिरी:**
https://bit.ly/3hdwPq7

**स्कुल हाजिरी सुधार योजना फाराम:**
https://bit.ly/2zkAqS2

PA फ्यामिली टु फ्यामिली हेल्थ इन्फर्मेसन सेन्टर भनेको प्यारेन्ट एजुकेशन एण्ड एड्भोकेसी लिडरशिप (PEAL) सेन्टरको कार्यक्रम हो जसका लागि आर्थिक सहयोग हेल्थ रिसोर्सेज सर्भिसेज एड्मिनिस्ट्रेसन मेटर्नल एण्ड चाइल्ड हेल्थ ब्युरोद्वारा अनुदान H84MC26214 अन्तर्गत प्रदान गरिएको छ।

PEAL CENTER

**थप जानकारीका लागि PEAL सेन्टरलाई सम्पर्क गर्नुहोस्।**
**वेबसाइट: www.pealcenter.org • इमेल: info@pealcenter.org • टोल-फ्रि: 866-950-1040**

**@PEALCenter @PEALyouth**